निर्णयहरु:

१. प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रमको मस्यौदा तयार पार्ने प्रयोजनार्थ मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग गरिएको विवरण तोकिएको ढाँचामा सबै मन्त्रालय/निकायले यथाशीघ्र उपलब्ध गराउने ।

२. आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक योजना तथा कार्यक्रम छनोटका बाँकी प्रक्रियाहरु अझ प्रभावकारी तवरले सम्पन्न गर्ने । योजना छनोटका विभिन्न चरण पूरा गरी विषयगत मन्त्रालयमा प्राप्त हुने आयोजनाहरुलाई माग, आवश्यकता र औचित्य एवं बजेटरी अनुशासन र विनियोजन दक्षता समेतको आधारमा प्राथमिकीकरण गरी छनोट गर्ने । आयोजना/कृयाकलाप छनोट गर्दा विषयगत मन्त्रालय तथा निकायबीच आर्थिक मामिला मन्त्रालयले उपयुक्त समन्वय (Project/Activities Harmonization Workshop - मार्फत) सुनिश्चित गर्ने ।

३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघसंस्थाको आयोजनामा हुने कार्यक्रममा सहभागीता सम्बन्धमा प्रचलित कानून र मापदण्डको पूर्ण पालना गर्ने गराउने । प्रदेश सरकारको नीति कार्यक्रमसँग आबद्ध, सम्बन्धित विषयगत मन्त्रालयको संलग्नता भएको, महत्वपूर्ण कार्यक्रममा मात्र सहभागी हुने र गैरसरकारी संस्थाहरुको क्रियाकलापलाई मूलप्रवाहीकरण गर्न आवश्यक पहल गर्ने ।

४. प्रदेश सरकारका पदाधिकारीले विदेशी सरकार, नियोग, प्रतिनिधि र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्पर्क गर्दा अबलम्वन गर्नुपर्ने कार्यविधि सम्बन्धी निर्देशिका, २०७६ को परिधिमा रहेर मात्र विदेशी पदाधिकारी तथा कुटनितिक भेटघाट सम्बन्धी कार्यहरु गर्ने।

५. प्रदेश सरकार मातहत कार्यरत कर्मचारीहरुलाई अध्ययन पूर्व स्वीकृति, अध्ययन विदा स्वीकृति, लामो अवधिको तालिम तथा काज/सेमिनार/गोष्ठीमा पठाउनुपर्दा सम्बन्धित मन्त्रालयले काममा बाधा नपर्ने गरी वैकल्पिक व्यवस्थापन गरेर आवश्यकता, औचित्यता पुष्टि हुने गरेर मात्र सिफारिस गर्ने। उक्त कार्यलाई व्यवस्थित गर्न सम्बन्धित मन्त्रालयले आन्तरिक रुपमा मापदण्ड बनाएर कार्यान्वयन गर्ने व्यवस्था मिलाउने।

६. सबै मन्त्रालय/निकायहरुले एक आपसमा अन्तर निकाय समन्वय र सहकार्यलाई प्रभावकारी बनाउने।

७. अन्तिम लेखा परीक्षणको बक्यौता बाँकी रहेका शहरी विकास तथा भवन कार्यालय, डोटी र खप्तड क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति र रामारोशन क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समितिको कार्यालयको लेखापरिक्षण शीघ्र गराउन सम्बन्धित मन्त्रालयले निर्देशन दिने ।

८. सबै मन्त्रालय/निकायले आफ्नो र मातहतका कार्यालयको भौतिक सम्पति जस्तै घरजग्गा, भवन, सवारी साधन लगायतको विवरण तथा अभिलेख चाहिएको बखत सहजै उपलब्ध हुने गरी दुरुस्त राख्ने र राख्न लगाउने। कार्यालयको जिन्सी व्यवस्थापनलाई प्रभावकारी बनाउने ।

९. भौतिक पूर्वाधार विकास मन्त्रालयले साविक क्षेत्रिय प्रशासन कार्यालय, दिपायलको भवन मर्मत सम्भारका लागि लागत अनुमान तयार गर्नुका साथै सो भवनको प्रभावकारी उपयोगको सम्बन्धमा डोटी जिल्लामा रहेका जिल्लास्तरीय कार्यालय प्रमुख बैठकबाट अध्ययन गराई प्रतिवेदन लिने र सचिव बैठकमा पेश गर्ने ।

१०. डोटीको सिलगढी र राजपुरमा रहेका विभिन्न मन्त्रालय मातहतका निर्देशनालय/कार्यालयमा कार्यरत कर्मचारीको कार्यालयमा भौतिक उपस्थिति लगायतका विषय अनुगमन गरी वस्तुस्थिति तत्काल प्रतिवेदन गर्ने व्यवस्था मिलाउने । अति आवश्यक भएकोमा बाहेक धनगढी तथा महेन्द्रनगरमा हुने गोष्ठी सेमिनार आयोजना नगर्ने र जिल्लामा काममा बाधा पुग्ने गरी कर्मचारीलाई विदा तथा काजमा नखटाउने व्यवस्था मिलाउने ।